खण्ड २

# सैन्य राजनीति र तत्कालीन राजतन्त्र

# सेनाभित्रको सेना

## बीपी कोइराला

हाम्रो सेनासँग मेरो पहिलो सम्पर्क वि.सं. २००३ को विराटनगर जुट मिल हडतालमा समातिएर छ महिना काठमाडौंमा रहँदा भएको हो ।[१] एउटा बूढो मेजरको मातहतको १६ जवानको एक कम्पनी प्लाटुनले आन्दोलनका हामी छ जना अगुवा ठहरिएकालाई विराटनगरदेखि १५ दिने हिंडुवा बाटो गरी काठमाडौं पुऱ्यायो । हाम्रो पैदल यात्रा देशको प्राकृतिक सौन्दर्यले परिपूर्ण प्रमुख क्षेत्र हुँदै विभिन्न चरणमा पूरा भयो । र, प्रत्येक रातको विश्राम प्रायः त्यही बूढो मेजरका ससुराको घरमा हुन पुग्थ्यो । ती रसिक मेजरले हाम्रो यात्रालाई रमाइलो पारिदिन्थे । स्पष्टतः धनकुटादेखि काठमाडौंसम्मको बाटोमा छरिएका उनका धेरै पत्नी थिए । आफ्नो यस्तो आचरणको उनी व्यावहारिक स्पष्टीकरण दिन्थे । उनी भन्थे, यो पट्याइलाग्दो र अप्ठेरो यात्रा वर्षमा कमसेकम दुइचोटि गर्नुपर्ने हुँदा उनले बाटाका प्रत्येक विश्राममा विवाह गरी स्वास्नी राख्ने व्यवस्था गरेका हुन् । उनमा एक किसिमको सहज बुद्धि थियो र बूढो मानिसलाई सुहाउँदो

---

[१] पहिलो पटक सन् १९७५ मा *तरूण* बुलेटिनमा प्रकाशन भएको यो लेख यहाँ प्रदीप गिरी (२०६६) द्वारा सम्पादित *विश्वेश्वरप्रसाद कोइराला : राजनीतिक अभिलेख* पुस्तकबाट पुनःमुद्रण गरिएको हो ।

खालको व्यवहार र एकनासको सन्तुलित हिंडाइ थियो । हाम्रो तन्नेरी उत्साहअनुकूल हामीले छिटो-छिटो हिंडेर अगाडिको बास बस्ने ठाउँमा पुग्न खोज्दा उनी हामीलाई रोक्थे र भन्थे- पहाडी बाटोमा हतारिएरभन्दा बिस्तारै-बिस्तारै हिंड्दा छिटो पुगिन्छ । पहाडी हिंडाइको रहस्य यही हो । पछि, यस्तै कुरा प्रसिद्ध पर्वतारोहीले पनि मलाई भने । बाटोको लम्बाइ दूरीबाट होइन, घण्टाबाट नापिन्छ । हामी पाँच माइल हिंड्नु छ भन्दैनौं । बरु एक बिहानको हिंडाइ छ भन्छौं । हामीलाई उनी मन परे । र, आफ्नो सैनिक बर्दी बडो सावधानका साथ लगाउने, आफ्नो ओहदाबारे सधैं सचेत र केही तुजुकका साथ पेस हुने ती तन्नेरी क्याप्टेनको व्यवहार पनि मैत्रीपूर्ण नै थियो । अरू बाँकी १६ जना गढी-गाउँले थिए । उनीहरूले भिरेका राइफलले समेत फौजी धाक उत्पन्न गराउँदैनथ्यो । मलाई थाहा छैन, साधारण अवस्थामा पुलिसले गर्ने काम गर्दा तिनका मनमा कस्ता कुरा खेल्दा हुन् । उनीहरू केही अप्ठेरो मान्दै र केही अस्पष्ट क्षमायाचकका रूपमा भन्थे- 'जसको नुन खायो, उसको सोझो गर्नै पर्छ ।' 'जसको' भनेको काठमाडौंमा बस्ने राणा प्रधानमन्त्री र 'नुन' भनेको उसको तलब हो । मलाई भने मजस्तो सामान्य राजनीतिक विरोधीमाथि सानै निहुँमा सैनिकको प्रयोग गर्ने यो चलन निन्दनीय लाग्यो । यस्तो चलनले मुलुकलाई बाह्य आक्रमणबाट रक्षा गर्ने एक संस्थाको रूपमा सेनाको प्राथमिकताको कर्तव्य निश्चय नै निस्प्रभावी भएर जान्छ ।

सैनिक जवानहरूसित १८ महिनापछि काठमाडौंमा अर्कोपल्ट फेरि थुनामा सम्पर्क भयो, समातिँदा र पछि बन्दी अवस्थामा । मलाई एक महिनासम्म दरबारको 'गार्ड रूम' मा राखियो र अंगरक्षक गणका चुनिएका सिपाही मेरा जेलर भए । त्यसपछि मलाई सेनाका जवानबाट कडाइका साथ खोरमा राखियो । सेनासँग त्यस्तै किसिमको सम्पर्क २०१७ सालमा पनि भयो । मैले सम्बोधन गरिरहेको तरूणदलको आमसभालाई एउटा कर्नेलको मातहतमा रहेका शाही अंगरक्षकहरूले घेरेर पूरा शक्ति प्रदर्शन गर्दै हामीलाई समाते । हामी त्यसवेलादेखि आठ वर्ष एउटा सैनिक क्याम्पमा राखिएका छौं । क्याम्पअफिसरको रूपमा ड्युटीमा आएका केही व्यक्तिहरूलाई मैले पहिलेको बन्दी अवस्थादेखि नै चिनेको हो । हाम्रो बढीभन्दा बढी रक्षाको निम्ति होला भन्छु, हामी चौबीसै घण्टा हतियारले सुसज्जित सेनाहरूको पहरामा निरन्तर रहन्छौं र जेलको व्यवस्था त्रुटिरहित सैन्यीकरण गरिएको छ । सुरूका छ महिनासम्म हाम्रो कोठाभित्र पनि सन्तरीहरू तैनाथ रहन्थे र अत्यन्त बढ्ता सावधानी अपनाइएको थियो । कोठाभित्रका बिजुलीका ठूला-ठूला बत्तीहरू रातभरि बलिरहन्थे । हुँदा-हुँदा चर्पीमा

सम्म पनि दुईजना गार्ड सँगसँगै भित्रै पस्थे । मेरो कोठाभित्र दुई ओटा सन्तरी पोस्ट थिए । त्यहाँ एउटा अफिसरको मातहतमा एउटा मेजर र क्याप्टेन वा लप्टन पनि रहन्थे । गार्ड ड्युटीका कुनै पनि व्यक्ति जुनसुकै ओहदाका भए पनि उनीहरूलाई हामीसँग कुरा नगर्न वा एक्लै नभेट्न कडा आदेश थियो । यसले गर्दा मेजर, कप्तान, साना अफिसरहरू र सिपाहीले सानोतिनो कुराका निम्तिसमेत जुलुस बनाएर आउँदा हाँसउठ्दो स्थिति हुन्थ्यो । यो आफ्नो राजनीतिक विरोधीको दमन गर्न सेनालाई प्रयोग गर्दा शासकमा आफ्नै सेनामाथि रहेको शंका र अविश्वासको ज्वलन्त उदाहरण हो । उनीहरू आफ्नै सैनिकलाई पनि व्यक्तिगत रूपमा पत्यार गर्दैनथे र एउटालाई अर्कोमाथि चियो गराउँथे । हामीलाई भने, विशेषगरी मलाई, हाम्रासामु गार्डहरूको त्यस्तो निरन्तर प्रदर्शनले ठूलो मानसिक आघात पऱ्यो । यहाँ म भन्न चाहन्छु, व्यक्तिका रूपमा भने सेनाका ती जवान र अफिसरलाई नेपाली मानवताका उत्कृष्ट नमुना हुन् भन्न सकिन्छ । उनको असहाय अवस्थाको चेष्टा र आँखामा झल्किएको कोमलताले हाम्रा लागि तिनले देखाएको सहानुभूति स्पष्ट पार्दथ्यो । तिनलाई देख्दा मलाई लाग्थ्यो- यिनले पनि धनकुटाको मेजरले जस्तै खुलेर कुरा गर्न पाएका भए 'नुनको सोझो' हुनुपर्ने कुरा गर्ने थिए । सेनाबाट बन्दी भएको स्थितिमा सेनाको भूमिकाबारे सोच्न म बाध्य भएँ । ती पल्टनियाहरू व्यक्तिगत रूपमा मानवीय गुणहरूबाट युक्त थिए । तर सेनाका रूपमा भने एउटा अमानवीय यन्त्रका पुर्जा भएका थिए । तसर्थ, उनीहरू एउटा दुःखलाग्दो असमञ्जस्यको स्थिति प्रस्तुत गर्दथे । तानाशाही व्यवस्थाको स्वार्थ रक्षार्थ मुलुकको सबभन्दा कुशल र घोर दमनको यन्त्रलाई आफ्नै जनताका विरूद्ध प्रयोग गरिँदा सेनाको भूमिकाका सम्बन्धमा नै मेरो मनमा प्रश्न उठ्न थाल्यो । नेपाली सेनाको भूमिका के त ? यससँग गाँभिएका अरू प्रश्न हुन्- यसको संगठनात्मक ढाँचा कस्तो हो ? कुनै एउटा विशेष ऐतिहासिक उद्देश्यको निम्ति संगठित सेनाले कुनै अर्कै ऐतिहासिक उद्देश्यलाई पूरा गर्न सक्छ ? अर्को शब्दमा, के सामन्ती ढाँचामा जन-आवाज दमन गर्न गठन भएको सेना राष्ट्रिय आकांक्षालाई प्रतिनिधित्व गर्ने संसद् वा त्यस्तै अरू संस्थाअन्तर्गत रहन सक्छ ?

नेपाली सेनामा सधैं शासकको परमाधिकार रह्यो । र, यो शासकले एकलौटी पारेको विशेष अधिकारका कारण उनकै मातहतमा रह्यो र सेना जनताको नियन्त्रणअन्तर्गत आउनु त परैको कुरा भयो, जन-निरीक्षणमा समेत कहिल्यै पर्न पाएन । यो ऐतिहासिक कारणले गर्दा सेना आमजनताका लागि रहस्यले घेरिएको संगठन भएर गयो र डराएका जनता त्यसबाट तर्किइरहन

थाले । सेनालाई यसरी जनताबाट टाढा राख्नु नै यस्ता शासकको चतुरतापूर्ण नीति हो । ती शासकले स्वयं पनि जनतासँग कहिल्यै तादात्म्य स्थापित गरेनन् । जनतासँग तर्सिएको विदेशी वा स्वदेशी शासक आफूले शोषण गरेको जनताबाट अलग्गिएर बसेको स्थितिले गर्दा नै त्यस्तो शासनको सबभन्दा महत्त्वपूर्ण अंग सेनालाई पनि जनताबाट अलग्याउँछ । एउटा जनप्रिय सेना कहिल्यै जनविरोधी शासनको हतियार बन्न सक्दैन । शासकको यस्तो नीतिले गर्दा सेनाको संगठनको न ऐतिहासिक अध्ययन, न त नेपालको राजनीतिमा यसको भूमिकाको सही मूल्यांकन सम्भव थियो न त्यसको अनुमति नै थियो । यसकारणले नेपाली सेनाको अध्ययनको निम्ति हामीसित ऐतिहासिक स्रुचिका सामग्री ज्यादै कम छन् ।

नेपाली सेनाको अध्ययनको प्रस्थानबिन्दु पृथ्वीनारायण शाहको उदयबाट सुरु हुन्छ । पृथ्वीनारायण शाहले सानो गोरखा राज्यको विस्तारको महत्त्वाकांक्षा राखेर छिमेकका राज्यहरू सैनिक विजय गर्दै आधुनिक नेपालको जरो गाडे । उनी ऐतिहासिक रंगमञ्चमा एउटा अनुकूल समयमा देखा परे । एक अर्थमा मुगल राज्यको पतन र विकेन्द्रीकरण पूर्ण भइसकेको थियो र यसको फाइदा उठाउँदै साहसी व्यक्तिहरू भारतीय उप-महाद्वीपमा आफ्नो स्वतन्त्र राज्य स्थापना गर्दै थिए । बाबरको बृहत् मुगल साम्राज्यको लासबाट एक किसिमले अनेकौं स्वतन्त्र राज्यहरू जन्मे । हिन्दुस्तानमा उदयमान ती नवजात राज्यहरूको विस्तार गर्दै लैजाने होड र संघर्ष चलिरहेको थियो । एकचोटि त मराठाहरूले दिल्लीको गद्दी हत्याउन सफल भएर मुगल साम्राज्यको उत्तराधिकारी नै बन्लान् भन्नेसम्म लागिसकेको थियो । उता, सारा पञ्जाबमा शिखहरूको राज्य विस्तार भइराखेको थियो । मैसुर र हैदराबादमा शक्तिशाली राज्यको स्थापना भयो । पूर्वी हिन्दुस्तानका नबाबहरू स्वतन्त्र राज्यहरूकै शासक थिए । अंग्रेज व्यापारीहरू पनि सम्भवतः कुनै पूर्वयोजनाविना नै यस होडबाजीमा सामेल भई त्यसवेलाको त्यो लुटको भागिदार हुन पुगे । पृथ्वीनारायण शाह पनि मुगल साम्राज्यको पतनपछि हिन्दुस्तानको रंगमञ्चमा देखा परेका साहसी व्यक्तिहरूजस्तै एउटा साधारण राज्यनिर्माता हुन् । निश्चय नै यस होडमा अंग्रेज विजयी भए । तर, एउटा घतलाग्दो संयोग छ । अठारौं शताब्दीको मध्यको ठीक जुन कालमा क्लाइबले सन् १७५७ मा पलासीको युद्ध जितेर ब्रिटिस राज्यको जग बसालिरहेका थिए, नेपालका निम्ति पनि त्यो काल निर्णायक थियो । त्यही कालमा पृथ्वीनारायण शाह पनि नेपाली राज्यको जग बसाल्दै थए । क्लाइब र पृथ्वीनारायण शाह समकालीन थिए । यो आकस्मिक घटना होइन । अंग्रेजहरूले दुई सय वर्षपछि

हिन्दुस्तान छाडेर जाँदा उसका मातहतमा लगभग ६०० राज्य थिए । ब्रिटिसले उनीहरूलाई नै पुनः सार्वभौमिकता फर्काए र हिन्दुस्तान त्यागे । यस तथ्यले अठारौं शताब्दीको हिन्दुस्तानको राजनीतिक स्थितिको सबभन्दा राम्रो तस्बिर प्रस्तुत गर्छ । हिन्दुस्तान त्यसवेला कोही नयाँ बनेका त कोही बलिया छिमेकीबाट हारेर मासिँदै जाने परस्पर युद्धरत साना-ठूला राज्यहरूको एउटा बुट्टेदार रुमालजस्तो थियो । ती राज्यहरूको एउटा समान विशेषता भनेको ती राज्यहरूको गठन एउटा-एउटा बलियो व्यक्तिको मातहतमा हुनु थियो । पृथ्वीनारायण शाह अठारौं शताब्दीको हिन्दुस्तानी उप-महाद्वीपको त्यस्तै एउटा बलिया व्यक्तित्व थिए । हिन्दुस्तानी उप-महाद्वीपको उत्तर-पूर्वतिर रहेको चिनिया साम्राज्यको पनि ठीक त्यसै समयमा सँगैसँगै ह्रासको अध्याय सुरु भएको तथ्य पनि विचारयोग्य छ । राजनीतिक स्थितिका यी सब तथ्यले पृथ्वीनारायण शाहको उदयका लागि एउटा अनुकुल अवसर प्रदान गर्‍यो ।

पृथ्वीनारायण शाहका जर्नेलहरू छिमेकका अरू राज्यका भन्दा अद्वितीय रूपले योग्य, बहादुर र निर्मम व्यक्ति हुनु उनको भाग्य नै मान्नुपर्छ । स्वयं उनको नेतृत्वको अद्वितीय निर्विवाद क्षमता हुँदाहुँदै पनि सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण काठमाडौं उपत्यका पृथ्वीनारायण शाहको विजयलालसाको सजिलो लक्ष्य थिएन । थप, त्यस उपत्यकाको धन-वैभवले गर्दा उनका गरिब पहाडी सिपाहीका लागि लोभ र ईर्ष्याको लक्ष्य थियो । काठमाडौं उपत्यकाको अन्तिम विजयले आधुनिक नेपाली राज्यको जग गाडिदियो । राज्यविस्तारको उदात्त, तुच्छ वा लोभ जेसुकै उद्देश्य र मनसाय भए पनि आधुनिक नेपाललाई साकार रूप दिने विजयको ऐतिहासिक महत्त्वबारे दुई विचार हुन सक्तैन । पृथ्वीनारायण र उनका लगत्तैपछिका उत्तराधिकारीको मातहतमा रहेको गोरखा पल्टनको भूमिका क्षेत्रीय विजयद्वारा नै भए पनि राज्यको एकीकरण गर्ने रह्यो । यी विजयहरू पूर्वयोजनाबाट होस् वा संयोगले, सेना राम्ररी संगठित थियो र विभिन्न राज्य र उपराज्य भएको हिमालयको सामरिक महत्त्वको क्षेत्रमा एक समरूप नेपाली राज्यको एकीकरण गर्ने राष्ट्रिय उद्देश्य पूरा गर्न कार्यकुशलताका साथ सञ्चालित थियो भन्ने स्पष्ट हुन्छ ।

त्यसपछि उत्तरी भारतवर्षमा ब्रिटिस राज्यको द्रुत र उत्तरोत्तर सुदृढीकरणको फलस्वरूप नेपाली राज्यको विस्तारको क्षेत्र साँघुरिन थाल्यो । यसबाट नेपाली सामरिक शक्तिका लागि प्राप्त भइरहेको सुअवसर समाप्त हुन पुग्यो । सन् १७७९ मा अंग्रेजको अधीनमा रहेका समस्त भूभागमा एउटा गभर्नर जनरलको मातहतको केन्द्रीय शासन स्थापनाले ब्रिटिस राज्यको सुदृढीकरण भएको स्पष्ट प्रमाण

पाइन्छ । १९१२ सालमा नेपाली पल्टनले तिब्बत (भोट) माथि आक्रमण गर्दा तिब्बतको मद्दतका लागि चिनिया फौज पुगेर नेपाली पल्टनलाई ठेल्दै, हराउँदै, काठमाडौं नजिकै पुगेपछि नेपालीहरूका मनमा तिब्बत जित्ने अभिलाषा र अवसर त्यसै दिन समाप्त भयो । अनि, नेपाली शासकले डराएर सन्धि गर्नुपऱ्यो र चिनिया कमान्डरले होच्याएर दिएको चेतावनीको तीतो घुट्को निल्नुपऱ्यो ।

वि.सं. १८७२ को सुगौली-सन्धिपछि नेपाली सेनाको विजयको महान् इतिहास टुंगिन्छ । आफूभन्दा शक्तिशाली छिमेकीका सेनाले नेपाली सेनाको विजयका मुहानहरू अवरूद्ध गरिदिन्छन् । इतिहासकारको मनमा अब नेपाली सेनाको प्रयोजन र कार्य के भन्ने स्वाभाविक प्रश्न उठ्छ । यो प्रश्न ज्यादै नाजुक भएकाले कहिल्यै पनि खुला रूपमा आउन पाएन र शासकले आफ्नो नितान्त निजी अधिकारक्षेत्र र विशेषाधिकार भन्ठानेकाले यसका सम्बन्धमा कुनै पनि चर्चालाई कडाइका साथ रोकेको छ । रूसी हमलाको खतराले गर्दा अंग्रेजले तिब्बतलाई आफ्नो प्रभावक्षेत्रमा गाभेपछि नेपाल यथार्थमा ब्रिटिस प्रभावको घेराभित्र परेका अरू हिन्दुस्तानी राज्यसरह नै भयो । नेपालका सेनाले अंग्रेजका सेनासित मुकाबिला गर्ने प्रश्न नै उठ्दैनथ्यो । तिब्बत चिनियाहरूको मातहतमा गएको र दक्षिणमा शक्तिशाली हिन्दुस्तानले आफ्ना सिमानाको राम्रो सुरक्षा व्यवस्था गरेकाले अंग्रेजले हिन्दुस्तान छाडेपछि पनि स्थितिमा केही अन्तर आएन । नेपालले आफ्ना दुवै छिमेकीसँग सामरिक मुकाबिला गर्ने भन्ने कुरा सोच्न पनि सकिँदैन । वास्तविकता यही हो भने, यो प्रश्न घरी-घरी मनमा आइरहन्छ- त्यसो भए आजको राजनैतिक सन्दर्भमा नेपाली सेनाको भूमिका के हो त ?

त्यसैले उन्नाइसौं शताब्दीको सुरूदेखि नै सेनाले आफ्नो पेसाअनुकूल केही काम नपाएकाले यो एउटा उद्देश्यहीन जत्थाहरूको समूह भएर गयो र षड्यन्त्रबाट सत्ता हत्याउने कुनै पनि व्यक्तिको हतियार हुनसक्ने भयो । भयो पनि ! नेपालको ऐतिहासिक एकीकरणपछिको पल्टनको भूकिकाका बारेमा हामीले कुनै निर्णय दिनुभन्दा पहिले के कुरालाई बिर्सनु हुँदैन भने यसले राष्ट्रिय एकीकरणको हतियारका रूपमा आफ्नो उपयोगिता र क्षमतालाई प्रमाणित गर्न अत्यन्त कम समय पायो र त्यति छोटो समयमा राष्ट्रियता र स्थायित्वको परम्पराको विकास हुन गाह्रो थियो । पृथ्वीनारायण शाहको सेना गोर्खाली सेना थियो । एउटा सानो रजौटाको लडाकु शक्ति थियो । यसले राज्य विजय र विस्तारको क्रममा आफूलाई क्षेत्रीय सेनाबाट राष्ट्रिय सेनामा परिणत गर्ने समय पाएन । यसको मनोविज्ञानमा क्षेत्रीय र संकीर्ण दृष्टिकोण गहिरोसँग गाडियो । गोर्खा पल्टनलाई

आफ्ना परास्त भएका शत्रुभन्दा आफ्नो श्रेष्ठताको उल्लासपूर्ण अनुभव हुन थालेका कारण पृथ्वीनारायण शाहको मातहतको यस गोर्खाली सेनाको विजयले क्षेत्रीय र संकीर्ण दृष्टिकोणलाई कमजोर तुल्याउनुको सट्टा झन् बल नै पुऱ्यायो । यसका अतिरिक्त उनीहरूले लडेका युद्धहरू बहादुरीको भन्दा छल-कपट, रक्तपात, धोका र अनैतिकताका नमुना थिए । तसर्थ, पृथ्वीनारायण शाहका विजयी सेना र उनका हरूवा विरोधीको बीचको खाडल कहिल्यै पनि भरिन सकेन । यसले मनको भित्री कुनामा सदैव आफूलाई गोर्खाली सेना भनेर गर्व गऱ्यो । हुँदा-हुँदा, पछिसम्म, दोस्रो विश्वयुद्धताकासम्म पनि यसले 'जय गोरखा'को हाँक दियो । अझै पनि हिन्दुस्तानी र अंग्रेजी सेनाका नेपालीलाई गोर्खाली भनिन्छ, मानौं गोर्खा नै नेपाल हो र गोर्खाली नै नेपाली हो । २००७ सालको क्रान्तिपछि देशमा आएको राष्ट्रियताको लहर र नेपाली काँग्रेसले चलाएको 'जयनेपाल' भन्ने अभिवादनको चलनलाई विजेताको यस्तो मनोविज्ञानले ठाडो विरोध त गरेन, तर मन नपराएकोजस्तो तटस्थ रह्यो । सेना संगठित भएको वेलादेखि सुरु भएको यसको उपयोगिता र सार्थकताको यसको महान् युगमा बनेको मनोविज्ञान पछिसम्म रह्यो । ढाँचा र भावना दुवैमा यो सेना गोरखाली सेना नै रह्यो । यसमा राष्ट्रिय दृष्टिकोण विकसित हुन सकेन । पृथ्वीनारायण शाह र उनका लगत्तैका उत्तराधिकारीहरू राज्य हत्याउनमै अत्यन्त व्यस्त रहेका कारण सेनाको राष्ट्रियताको समस्यामा ध्यान दिन सकेनन् । पृथ्वीनारायण शाहका वेला-वेलाका टिप्पणीहरूले यस दिशामा निर्देशन प्रदान गर्छन् । नियतिले उनलाई राज्य एकीकरणको अभिभारा दिएकाले र आफ्ना साहसी सामरिक विजयहरूको परिणामहरूलाई हेर्दा उनले आफ्नो संकुचित गोरखा राज्य-भक्तिबाट बाहिर निस्कन पऱ्यो नै होला । उनको विजयबाट जन्मेको यो नयाँ राज्यका समस्यालाई बृहत् सन्दर्भमा मात्र सुल्झाउन सकिने हुँदा उनका जर्नेलहरूले पनि यस कार्यको महानता बुझेका होलान् र राष्ट्रियताको सन्दर्भमा उनले पनि सोचे होलान् । व्यावहारिक राजनीति र प्रशासनको आवश्यकताले राष्ट्रियताको भावनाको खाँचो देखायो होला । तर उपयुक्त व्यक्तिहरूमा राष्ट्रियताको भावना आएको भए पनि त्यो मिलिक्क उदाएको मात्र थियो र देशमा राष्ट्रियताको स्थायी आगमनको निम्ति त्यो स्थायी ज्योति थिएन ।

मेरो भनाइलाई उन्नाइसौं शताब्दीको दशकतिर नेपाली सेनासित सम्बन्धित दुईओटा घटनाको उदाहरणले स्पष्ट पार्छन् । नेपालका पछिसम्मका राष्ट्रवादी लेखकहरूले चर्चा गरेका राष्ट्रिय योद्धामध्ये बलभद्र एकजना हुन् । हतियार र मानिस दुवै दृष्टिमा आफूभन्दा कैयौं गुना शक्तिशाली अंग्रेजी फौजसँग एउटा

सानो नेपाली सेना लिएर बलभद्रले नालापानीको युद्धमा बहादुरीका साथ मुकाबिला गरेको सम्झनाले नेपालीहरूका मनमा ग्रिकहरूले थर्मोपोलीको युद्धमा लियोडिनासको विजय गराएभैँ खालको सम्झना गराउँछ । ती बलभद्रको अन्त्य अफगानिस्तानमा विदेशी सरकारको नोकरीमा बहादुरीपूर्ण भए पनि भरौटे सैनिकको रूपमा भएको छ । उनले अर्को मुलुकको राजा र तलबको निमित्त नुनको सोभ्हो गर्दै त्यस्तो बहादुरी र मृत्युपर्यन्तको त्यस्तै अटल भक्ति देखाएका हुँदा आफ्ना राजाको नोकरीमा रहँदाको निर्विवाद रूपको बहादुरी र राजभक्ति राष्ट्रियताको भावनाबाट जन्मेकोजस्तो लाग्छ । बलभद्रले अंग्रेजी सेनाको प्रचण्ड आक्रमणका विरूद्ध एउटा हठ लिएर लडिरहेका वेलातिरै अंग्रेजहरूले बन्दी बनाएका नेपाली सैनिकहरू अंग्रेजी सेनामा स्वेच्छिक सैनिकको रूपमा भर्ना हुनु विडम्बना हो । एउटा चतुरो अंग्रेज लप्टन फ्रेडेरिक यङले यी बन्दी बनाइएका नेपाली सैनिकमध्येबाट तीन हजारजतिलाई अंग्रेजकै सेवाको निम्ति भर्ती गर्न सहमत भए । सुगौली-सन्धिबाट अंग्रेजले आफ्ना सेनाको निम्ति गोर्खाभर्तीको वैध अधिकार पायो । तर त्यो पहिले नै सम्पादित गरिसकेको कार्यको स्वीकृति र विधिवत् पुष्टीकरण मात्र थियो । आफ्ना अंग्रेज मालिकहरूका निम्ति लडेका सबै युद्धमा गोर्खालीले आफ्नो बहादुरीको कीर्तिलाई पुनःस्थापना गरेका छन् । यस तस्बिरलाई सन्तुलित गर्नको निम्ति हामीले 'नेपाली सेनाले क्षेत्रीय विजयबाट नेपाली राज्यको स्थापना गर्ने ऐतिहासिक काम शीघ्रतापूर्वक सिध्याएकाले उसले अरू गर्नुपर्ने केही काम पाएन र त्यसवेलाका राष्ट्रिय नेताहरूले अर्को राष्ट्रिय उद्देश्य विकल्पका रूपमा देखाउन सकेनन्' भन्ने कुरा सधैं सम्भिराख्नुपर्छ । यस सेनालाई तत्पश्चात् आफ्नो सामाजिक, ऐतिहासिक लक्ष्यबोध हुन छाड्यो । त्यो बोध भइरहेको भए यसलाई स्थायित्वको परम्परा, राष्ट्रियताको भावना, एकता, सम्बद्धता र व्यक्तित्व प्रदान गर्न सक्थ्यो । पृथ्वीनारायण शाहका उत्तराधिकारीहरू धेरैजसो अत्यन्त साधारण खालका व्यक्ति थिए । तसर्थ, तिनले सेनालाई राष्ट्रिय उद्देश्यका निम्ति प्रेरणा दिन सक्थे भन्ने आशा गर्न सकिँदैनथ्यो । उल्टो, तिनले सेनालाई दरबारिया जीवनको निरन्तरको षड्यन्त्रको अखडा बनाएका थिए र सेनाको जर्नेली खान्गीलाई शक्तिको स्रोत भन्ने ठान्न थालिएको थियो । नेपाली सेनाले अमरसिंह, माथवरसिंह, रणजंग पाण्डे र अरू केही यस्तै असाधारण व्यक्तित्व जन्मायो । यिनीहरूले सेनाको मर्यादा र स्तरलाई माथि उठाउने प्रयत्न गरेका थिए र यसमा राष्ट्रियताको भावना पनि भर्ने काम गरेका थिए । तर, १८७२ सालपछि परिस्थितिको परिवर्तनले सेनाको आवश्यकता नै नरहनुपर्ने स्थितिले उत्पन्न बाधाबाहेक पनि आफ्नो ओहदा र पद जोगाउन तिनले निरन्तर

दरबारिया षड्यन्त्रको माझमा रहनुपर्‍यो । यस बाध्यताले गर्दा तिनीहरूले सेनामा समयानुकूल सुधार गर्ने मौका पाएनन् । भीमसेन थापाको बहुचर्चित सुधारले समस्याको पुच्छर मात्रै छोयो । सेनामा आफ्नो ओहदाको प्रयोगले गर्दा तिनले सेनालाई पहिलेजस्तै भरौटे, सुधारविरोधी र अनुदारवादी नै छाडेर बिते । प्रारम्भिक युद्धकालका अवधिसम्म सेनाको संगठन र ढाँचा त्यति श्रेणीमूलक थिएन । विजय अभियानका युद्धहरूमा साहस, शौर्य र नेतृत्व प्रदर्शन गर्ने अनेक अवसर प्राप्त हुन्थे र युद्धक्षेत्रहरूमा सिपाही वा अफिसरहरूको कौशलको जाँच हुन्थ्यो । त्यसो हुनाले विभिन्न सामाजिक तत्त्व र वर्गहरूबाट सैनिक नेतृत्वमा सामेल गरिन्थे, योग्यताको विचार राखिन्थ्यो । भीमसेन थापाका पालासम्म पुग्दा-नपुग्दा सेनामा उच्च स्थानहरू दरबारसँग सम्बन्धित ३/४ परिवारका सदस्यहरूले ओगटिसकेका थिए । त्यसको केही वर्षपछि त झन् ती स्थानहरू एउटा परिवार, राणा परिवार, को पारिवारिक जागिरको थलोजस्ता भए । २००७ सालको क्रान्तिसम्म नेपाली सेनामा राणाबाहेक अरू जर्नेल हुन पाउँदैनथे । कर्नेलको पदमा पनि राणा नै हुन्थे, राणाबाहेकका २/४ जना कर्नेल थिए । उनीहरू पनि राणाहरूलाई रिझाएर त्यहाँसम्म पुग्न पाएका थिए । त्यसभन्दा तलका अरू अफिसरका पदमा पुग्नलाई पनि राणापरिवारलाई चाकरी र रिझाएर मात्र सम्भव हुन्थ्यो ।

नेपाली सेनाको अध्यायको अर्को प्रस्थानबिन्दु सन् १७९४ मा रणबहादुर शाहले आफ्नो हातमा राज्याधिकार लिएको दिन हो । रणबहादुर शाह पृथ्वीनारायण शाहका वंशजमा एउटा रंगीन व्यक्तित्व भएका राजा थिए । तर, तिनमा नैतिक स्थिरताको नितान्त अभाव थियो । उनले आफ्नो नाबालककालमा बडो निष्ठासँग सेवा गरेका आफ्ना काका बहादुर शाहलाई चारित्रिक लक्षण देखाएर कृतघ्न घातद्वारा बन्दी बनाएका थिए । एकीकरण भएको एउटा राज्यको रूपमा नेपालको शैशवास्थामा जब इतिहासले मानौं उसको विस्तारको सीमालाई बाँध्ने योजना बनाउन थालेको थियो र राष्ट्रिय नेतृत्वमा दूरदर्शिता र बुद्धिमताको अत्यधिक खाँचो परेको थियो, ठीक त्यही समयमा नेतृत्ववर्गले आफ्नो ऐतिहासिक जिम्मेवारी गलत काम गर्‍यो । नेपाली शस्त्रले, एउटा सानो रजौटा गोर्खाको पल्टनले एउटा राज्यको जग बसाल्यो । राज्यको भौगोलिक आधार राम्ररी हालियो । राज्यको प्रान्तीय एकीकरण पनि राम्ररी भयो । अब सबभन्दा बढी खाँचो यस ढाँचामा आत्मा बसाल्ने जिम्मेवारी थियो । गोर्खाली पल्टनले बसालेको राज्यमा निवास गर्ने जाति वा उप-जातिहरूबीच भावनात्मक एकीकरण गर्ने राष्ट्रिय जिम्मेवारीको खाँचो थियो । नेपाल राज्यको जग विभिन्न रजौटा

राज्यहरूको क्रूर विजयबाट राखिएको र बल प्रभावबाट आर्जित कुराले घृणा र शंकाको वातावरणको सृष्टि गर्ने हुँदा यस प्रकारको भावनात्मक एकीकरण गर्नुपर्ने झन् खाँचो थियो । त्यस कालको नेतृत्वले यो भावनात्मक एकीकरणको समस्यालाई तत्कालै सुल्झाउनेपट्टि नलागेर आफ्नो राष्ट्रिय जिम्मेवारीप्रति विश्वासघात गरेको ठहर्छ । नेपालमा निवास गर्ने विभिन्न जातिहरूबीच एकता र राष्ट्रियताको भावनाको उदय गराउन प्रयत्न र राज्यका विभिन्न क्रियाकलापमा जनताको सहयोगद्वारा उनीहरूलाई राज्यसँग तादात्म्य स्थापित गर्ने उद्योग पटक्कै भएन । यस्ता राष्ट्रिय उत्तरदायित्वलाई पूरा गर्न त परै जाओस्, नेपालको तत्कालीन नेतृत्ववर्गले दरबारिया षड्यन्त्रमा आफूलाई पूरा व्यस्त राख्यो, जसले गर्दा यस्तो स्थिति उत्पन्न भयो, जसमा सत्ताको होडमा पल्टन एउटा कठपुतलीजस्तो बन्न पुग्यो । पल्टन एउटा त्यस्तो हतियार बन्यो, जसलाई प्रयोग गरेर चलाख र षड्यन्त्र-निपुण व्यक्तिहरू शासनाधिकार प्राप्त गर्ने होडमा संलग्न हुन थाले । व्यक्तिगत स्वार्थका लागि सेनाको यस प्रकारको प्रयोगले नेपाली पल्टन भ्रष्ट भएर गयो । त्यसपछिको नेपालको इतिहासलाई राज्याधिकारको अपहरण र त्यस्ता वैध वा अवैध व्यक्तिहरूको हातमा अधिकारको क्रमिक केन्द्रीकरण भएर सफलतापूर्वक कोतपर्व जस्तो काण्ड र नरमेध गराउन सक्ने एउटा लामो घृणित र भ्रष्ट गाथा सम्झे हुन्छ । जबसम्म पल्टनको प्रयोगद्वारा आफ्ना तमाम विपक्षीहरूलाई निर्मूल गर्दैन वा आफ्नो परिवारका त्यस्ता सदस्यहरूमाथि भविष्यमा खतराको सानो सम्भावना रहेसम्म पनि उसले छाडेन । त्यति नहुन्जेल नेपालको शासक आफूलाई सुरक्षित भन्ठान्दैनथ्यो । अद्यावधि बलपूर्वक अधिकार हस्तगत गर्ने परम्परा कायमै छ ।

नेपालका शासकहरूले गद्दी प्राप्त गर्नका लागि प्रशस्तै रगतको होली खेलेका छन् । त्यसका लागि आवश्यक भए पनि, नभए पनि बल प्रदर्शन गर्नु उनीहरूको एउटा परम्परा नै हो । मानौं, प्रत्येक राजाको राज्यारोहण एउटा नयाँ सैनिक विजयको घोषणा हो । नेपाली सेनाले क्षेत्रीय विजय समाप्त भएपछि आफूलाई शासकको नोकर मात्र बनायो । क्षेत्रीय विजयको जिम्मेवारी पूरा गरेको सेनाले विभिन्न जातिबीच भावनात्मक एकीकरण गर्ने नयाँ जिम्मेवारी लिनुपर्ने थियो । तर लिएन । नेपालीले त वेश्याले आफ्नो शरीरलाई बढीभन्दा बढी पैसा दिने ग्राहकको जिम्मा सुपुर्द गरेकोजस्तो आफूलाई दरबारको मनखुसी प्रयोगमा लगाइदियो । सेनाले कुनै नयाँ भूमिका पायो भने पनि त्यही अराष्ट्रिय भूमिका पायो । उसलाई परिस्थितिले नै यो भूमिका दियो । आखिर हात-हतियार भिरेका डफ्फाहरूले कुनै न कुनै काम त पाउनैपर्छ । असल र हितकारी काम पाए

राम्रो, नत्र उसले खराब र अहितकारी काम गर्न थाल्छ । नेपालको सेनाले हितकारी भूमिका पाएन । नेपालको सेनाले आफ्नो आत्माको विकास गर्ने अवसर पाएन । ऊ आफूलाई जसले बढी मोल दिन तयार हुन्छ, त्यसको चाकरीमा समर्पित गर्न तयार भयो । नेपाली पल्टन शासकको चाकरीमा राख्न तयार हुने हतियारधारी डफ्फा बन्यो । यो एकदम भरौटे सेना बन्यो । यसले आफ्नो भ्रष्ट आचारणबापत मूल्य पाउँथ्यो । सेना राजनीति र अधिकारको अवैध आधार भएकाले यसमा जागिर खानु एउटा बडो लाभप्रद प्रथा हुन गयो । सेनाले कुनै युद्ध गर्नुनपर्ने भएकाले सेनाको पेसामा हुने जोखिम पनि यसलाई थिएन । सेनाका अधिकारीहरूले नागरिक विभागहरू पनि ओगट्न थाले । नागरिक विभागका उच्च स्थानहरूमा सेनाका कर्मचारीहरू बहाल हुन थाले । जिल्ला अधिकारीहरू र विभागका अधिकारीहरू सबै सेनाबाट नियुक्त हुन्थे । यसरी सेना भनेको जनता र शासकबीचमा उभिएर शासकको रक्षा गर्ने बन्यो । यसले शासकको सेवामा जनताको आवाजलाई घाँटी मै किच्न थाल्यो र जनताको इच्छा-शक्तिको दमन गर्‍यो ।

नेपालका शासकको राजनीतिक अधिकार बन्दुकको नलीबाट प्राप्त हुने गरेको छ । तसर्थ, बिजुलीगारद वा अंगरक्षक सेनासहितको दरबारको पल्टनको नग्न सैनिक शक्तिबाहेक शासनको अरू कुनै प्रकारको आधार नभएकोले दरबारभित्रको यस पल्टनले सेवामा अतुल्य सुविधा र श्रेष्ठताको स्थान हासिल गरेको छ । दरबारको पल्टनलाई नाउँमा सेनाको एउटा अंग मात्र हो भन्ने भान पार्ने कोसिस गरिए पनि यो एउटा विशिष्ट श्रेणीको पल्टन हो । यसलाई स्वयं शासक वा उसका अत्यन्त विश्वासी छोराहरूमध्ये एकको वा कुनै त्यस्तै विश्वासी अफिसरको सोझो कमान्डमा राखिएको छ । शासकहरूले दरबारको यो पल्टनलाई आफ्नो व्यक्तिगत अधिकार सुरक्षाका लागि सेनाका अरू पल्टनभन्दा हातहतियारबाट अधिक सुसज्जित, अधिक तालिम प्राप्त, अधिक सुसंगठित र अधिक बेतनभोगी बनाएर राखेका छन् । बाहिरका सेनालाई कम हतियार, कम तालिम दिएर दरबारिया पल्टनको तुलनामा कमजोर बनाएर राखिए । तिनीहरूलाई कमसल कोटिका हातहतियार मात्र बाँडिन्थ्यो । त्यति मात्र होइन, ती हातहतियारमध्ये कतिका मुख्य पुर्जाहरू दरबारमा राखिन्छ र अवसर-अवसरमा दरबारको विशेष पत्यार भएका अफिसरहरूको रेखदेखमा वितरण गरिन्छ । आफूजस्तै महत्त्वाकांक्षी, गद्दी ताक्ने प्रतिद्वन्द्वीले सेनाको प्रयोग गरेर आफूलाई हुत्याउला भन्ने डरले यो व्यवस्था गरिएको हो । त्यति मात्र होइन, यसो गर्नु भनेको सेनामाथि अविश्वासको प्रमाण पनि हो । यसरी दरबार हाम्रो देशको सबभन्दा बलियो मोर्चाबन्द किल्ला

हुन पुगेको छ । हाम्रो सेनासँग राष्ट्रिय अधिकारको मौलिक ध्येय छैन । सेनाले प्रहरीको काम गर्नुपर्छ, नत्र शासकको व्यक्तिगत सुरक्षाको काम गर्नुपर्छ । नेपालको पल्टन बाहिर खटिएर जाँदा शासकका मित्रहरूको सेवामा गएको हुन्छ । त्यसको मुख्य उद्देश्य 'मित्रहरू'लाई रिझाएर आफ्नो गद्दी सुरक्षित राख्नु मात्र हुन्छ । राणा शासकले दरबारको पल्टनको भरमा १०४ वर्षसम्म एकछत्र शासन गरे । अहिले त्यही पल्टन शाह शासकहरूको आधार भएको छ । नेपालको एकतन्त्रीय शासनको अध्ययन गर्दा नेपालको सेनाको वास्तविक शक्ति एकतन्त्रीय शासनको एक मात्र आधार हो र त्यसको सार समस्त सेनामा निहित नभई दरबारभित्र रहने अंगरक्षक दल भनिने करिब २ हजार जवानहरूको गारद पल्टनमा मात्र छ भन्ने मर्मलाई सँधै ध्यानमा राख्नुपर्छ । यो दरबारको पल्टन भर्तीको कुरामा होस् वा पदोन्नति वा कमान्डको कुरामा होस्, बाहिरका पल्टनभन्दा स्वतन्त्र छ ।

राजा त्रिभुवनलाई आफ्नो गद्दी र वैधानिक अधिकारमा पुनःस्थापित गरेको २००७ सालको क्रान्तिको लगत्तै पछिसम्म पनि वास्तविक शासनाधिकारमा राणा प्रधानमन्त्रीको शक्तिमा कुनै आँच आउन सकेको थिएन । किनभने उनले सिंहदरबारका अंगरक्षक दलमाथि आफ्नो व्यक्तिगत कमान्डलाई कायमै राखेका थिए । २००८ सालको वैशाखमा गृहमन्त्रीमाथि खुकुरी दलको हमला भएपछि राजा त्रिभुवनको अध्यक्षतामा मन्त्रिमण्डलको संकटकालीन बैठक बस्यो । जनतामा यो कान्डमा राणा प्रधानमन्त्रीको परोक्ष प्रेरणा थियो भन्ने शंका व्यापक थियो । त्यस संकटकालीन बैठकले राजाको निवास सिंहदरबारबाट नारायणहिटी दरबारमा सार्ने निर्णय गऱ्यो र यसरी अंगरक्षक दलको सोझो कमान्ड राजाको हातमा पुग्यो । यसरी स्थानान्तरण हुनेबित्तिकै राजाले पुनः आफ्नो निरंकुश अधिकार प्राप्त गरे । त्यस दिन राणा प्रधानमन्त्रीको ठाउँमा शाह राजा नेपालका निरंकुश राजा भए । राणाको सेना अब शाहको सेनामा परिणत भयो ।

२००७ सालको क्रान्तिपछि नेपाली सेनालाई भारतीय सैनिक मिसनको सहायताबाट आधुनिकीकरण गर्ने प्रयत्न भयो । भारतले नेपाललाई त्यस्तो छिमेकी मित्र भन्ठान्थ्यो, जसको सेना हिन्दुस्तानी भू-भागको रक्षाका लागि हिन्दुस्तानी सेनासँग मिलेर आफ्नो जिम्मेवारी पूरा गर्छ । भारतीय नमुनामा नेपाली पल्टनको आधुनिकीकरण त भयो तर त्यस्तो आधुनिकीकरणले पल्टनको न दृष्टिकोणमा न त्यसको लक्ष्यमै केही परिवर्तन आयो । आधुनिकीकरणले नेपाली पल्टनलाई दमनको साधनको रूपमा झन् बढी कुशल बनाउने काम मात्र गऱ्यो । त्यसको दमन गर्नसक्ने क्षमता झन् बढ्न पुगेको छ । नेपाली सेनाको

सामन्ती चरित्र र राजाको शक्तिको साधनको रूपमा रहने त्यसको दृष्टिकोण परम्परागत नै छ । यसका अतिरिक्त तथाकथित आधुनिकीकरणले दरबारमा रहने अंगरक्षककलाई पटक्क छोएन । यो अंगरक्षक दलको विशिष्ट पल्टन सेनाभित्रको एउटा अर्को सेनाजस्तो रहेको रह्यै भयो । आधुनिक हातहतियार थपिएर विशिष्ट पल्टनको शस्त्रागार झन् ठूलो भयो । १५० वर्षभन्दा पनि बढी समयदेखि नेपाली सेना विदेशी आक्रमणकारीहरूबाट देशको रक्षा गर्नुपर्ने भूमिकाबाट अलग भएको छ । भारतीय सहायताबाट भएको आधुनिकीकरणले पनि देशरक्षाको यसको स्वाभाविक जिम्मेवारीमा यसलाई पुनःस्थापित गरेन । भारतको नेपाली सेनालाई आधुनिकीकरण गर्ने जेसुकै उद्देश्य भएको भए पनि नेपालको शासकको उद्देश्य स्पष्टतः भिन्न थियो । प्रतिरक्षा-नीतिलाई प्रभावित पार्ने भारत र नेपालको परराष्ट्र नीतिमा भिन्नता देखिन्छ । भारतका लागि आत्मरक्षाको प्रश्न स्पष्ट छ । भारतका नीति-निर्माताहरूमा कसका विरूद्ध प्रतिरक्षाको तयारी गर्ने भन्ने कुरा दुविधा छैन । उनीहरूका लागि सम्भावित बाह्य खतराको क्षेत्र र दिशा स्पष्ट छ । के नेपाल पनि त्यस्तै अनुभव गर्दछ ? त्यसो गर्दैन भने हिमालय क्षेत्रको समग्र प्रतिरक्षाका लागि युद्ध योजनाको धारणा हिन्दुस्तानको इच्छा र अभिलाषाको कुरा मात्र हो । र, नेपालको तर्फबाट जनताबाट उर्लिंदै उठेको हाँकलाई अधिकभन्दा अधिक सैनिक शक्तिद्वारा दबाउनका लागि निरंकुश शासकको शक्तिलाई बढाउनका लागि बठ्याइँको चाल मात्र हुन जान्छ ।

निम्नलिखित कुराहरू नभएसम्म, अर्थात्

१. सेनाको नैतिक सुधार,
२. भर्तीको नीतिमा राष्ट्रवादी सिद्धान्तको मान्यता,
३. यसभित्रको वर्तमान सामन्ती भरौटे मनोवृत्तिको उन्मूलन,
४. यसको शिक्षा र तालिममा प्रजातन्त्र, राष्ट्रिय भावना र आदर्शको समावेश,
५. र, दरबारको अंगरक्षक पल्टन, एउटा विशिष्ट पल्टनको रूपमा खारेजी नभएसम्म ।

राजाको हुकुमी शासनलाई मात्र सघाउ पुऱ्याउँदै आएको नेपाली पल्टनको कुशलता वृद्धिले देशभक्ति, राष्ट्रियता र प्रजातन्त्रको भावनालाई उदय हुन दिंदैन । यसो हुन नदिने सबैभन्दा ठूलो कारण दरबारभित्र रहेको पल्टन हो । दरबारको पल्टनको चकचकी नभएको भए नेपाली सेनाले जनताको भावना र तिनको आकांक्षालाई आफूमा ग्रहण गर्न सक्थ्यो होला भन्ने मलाई लाग्छ । यस

दृष्टिबाट दरबारभित्रको अंगरक्षक पल्टन देशको सबभन्दा ठूलो प्रतिगामी शक्ति हो । यसले केवल जनतालाई दमन गरेर तानाशाही अवस्थालाई आड मात्र दिएको छ र नेपाली सेनामा राष्ट्रिय जनाभिमुखी भावनाको उदय हुनसमेत दिएको छैन ।

नेपाली सेनालाई दरबारिया पल्टनले कसरी खुम्च्याएर राखेको छ भन्ने कुरा २०१७ पुस १ गतेका दिन जब राजाले आफ्नो दरबारिया पल्टनलाई प्रयोग गरेर बलजफ्ती शासनशक्ति आफ्नो निरंकुश हातमा पारे त्यस दिन झन् स्पष्ट हुन्छ । दरबारको पल्टनको अधीनमा खटाएको काम गर्नेबाहेक त्यस दिन नेपाली सेनाको अर्को केही स्वतन्त्र जिम्मेवारी थिएन । उदाहरणका लागि दरबारको पल्टनको अफिसर कर्नेल समरराज कुँवर त्यस दिन सर्वेसर्वाजस्ता थिए । उनले नै नेपाली सेनाको दोस्रो सबभन्दा ठूलो अफिसर जनरल सुरेन्द्रबहादुर (सीजीएस) लाई अह्राएर काम गराएको धेरैको नजरमा परेकै हो । त्यस दिन जुन पल्टनले नेताहरूलाई गिरफ्तार गर्‍यो र सरकारी प्रतिष्ठानहरूलाई आफ्नो कब्जामा पार्‍यो, त्यो दरबारको अंगरक्षक पल्टन थियो । त्यस पल्टनले दरबारबाट एक्कासि बेगले निस्केर राजधानीलाई पूर्णतः आफ्नो कब्जामा पार्‍यो ।

त्यस दिन नेपाली सेना नेपाली जनतासरह नै स्तम्भित थियो । नेपालका तानाशाहहरूले नेपाली सेना जनताका आकांक्षालाई प्रतिविम्बित गर्ने एउटा साधन हुन सक्ने आशंकाबाट त्रसित बेनेर यसलाई दरबारको अंगरक्षक दलद्वारा अठ्याएर राखिएको छ । तिनताका के पनि चर्चा भएको थियो भने त्यस दिन अर्थात् पुस १ गते जब राजाको हुकुमबाट पल्टन प्रजातन्त्रको बत्ती निभाउँदै हिंडेको थियो, तब चीफ जनरल नीर शमशेरसहित नेपाली सर्वोच्च अधिकारी कमान्डरहरू दरबारभित्र थुनुवाजस्तै राखिएका थिए । राजाका नातेदारसमेत रहेका सेनाको दोस्रो सर्वोच्च अधिकारी जनरल सुरेन्द्रबहादुर शाहमाथि भने त्यति मात्र विश्वास गरिएको थियो, जति बाहिर देखाउनका लागि आवश्यक थियो । तिनले दरबारको अंगरक्षक पल्टनको एउटा अधिकारी कर्नेल समरराजको खटनमा जननेताहरूलाई पक्रिँदै हिंड्नुपर्‍यो । कर्णेल समरराजको मातहतमा हामीलाई पक्रिन आउँदा जनरल शाहको ओठ-मुख सुकेको थियो, अनुहार खसेको थियो र बोलीमा विवशता र क्षमायाचनाको भावना झल्किन्थ्यो । तसर्थ, यस्तो कुकृत्य गर्नुपर्दा उनलाई बडो ग्लानि भएको थियो भन्ने चर्चा वास्तविक थियो भन्ने मलाई विश्वास लाग्छ । समरराजले उनलाई अह्राएपछि दुई खुड्किलो ओर्लिएर उनले म नजिकै आएर भने- 'महाराजाधिराज सरकारबाट हुकुम भएको छ ।'

म समातिएपछि उनले समरराजतिर हेरेर सोधे- 'अरू के गर्ने ?'

समरराजले हातले औंल्याउँदै मेरा सहयोगीलाई देखाएर भने- 'उहाँहरूलाई पनि ।'

त्यसरी आदेश पाएपछि जनरल शाहले मपछि सभामुख कृष्णप्रसाद भट्टराई, सञ्चार, यातायातमन्त्री गणेशमान सिंह र गृहमन्त्री सूर्यप्रसादलाई पनि गिरफ्तार गरे ।

हामीलाई कहाँ लग्ने हो र कसरी त्यहाँ पुऱ्याउने हो भन्नेसम्म पनि जनरल शाहलाई पत्तो थिएन ।

उनले मलाई मेरो मोटरतिर लैजान खोज्दा समरराजले भने- 'मैले ल्याएको जिपमा .... मात्र' ।

हामीलाई जिपमा चढाएर हिंडेपछि समरराजले हाम्रो गन्तव्यस्थलको सूचना दिए र ड्राइभरलाई भने- 'सिंहदरबारको आर्मी क्लबमा लग ।'

सेनाको कर्तब्यसम्बन्धी उसको अनौठो धारणाले पनि सामन्ती, भरौटे जागिर र सेवाको विशेषता स्पष्ट पार्छ । सायद उसको यस्तो धारणा त्यसमा रहेका जागिरेहरूको अन्तर्आत्मामा बाधा हुने दोषको भावनालाई दबाउने प्रयत्नबाट बन्न गएको होला । उनको आदर्श हुन्छ, नुनको साभ्को गर्नु । मेरा ठूलाबा राणाकालमा जागिर खाँदा-खाँदा ठूलै पदमा पुग्न सक्नुभएको थियो । उहाँ आफूलाई आफ्नो सेवा र कर्तव्यप्रति इमान्दार भएको अर्थात् जो शासक छ, त्यसको सोभ्को गरेको, त्यसप्रति आँखा चिम्लेर बफादार भएको कुराले सन्तोष मान्न चाहनुहुन्थ्यो । उहाँ 'राज्यको सेवा' भन्ने कुरा बुझ्नुहुन्नथ्यो, तत्कालीन प्रधानमन्त्रीप्रति बफादार हुनु सेवाको सर्वोच्च आदर्श ठान्नुहुन्थ्यो । जागिरको यस्तो आदर्श सबैका लागि सर्वोच्च आदर्श थियो । आफ्नो दृष्टिमा शासकहरू मालिक भएकाले यस्तो आदर्श उनीहरूका लागि अनुकूल नै पर्ने भयो । सरकारी जागिरे पनि आफूलाई शासकका व्यक्तिगत नोकर भन्ठान्थे । यस सम्बन्धमा जहिले पनि म उहाँसँग बहस गर्न थाल्थे । उहाँ मलाई नचाहिंदो आधुनिक विचारधाराबाट बिग्रिएको ठिटो भन्ठानेर पन्छाउनुहुन्थ्यो र भन्नुहुन्थ्यो- 'जसको नुन खायो, उसको सोभ्को गर्नुपर्छ, बुभिस् माहिला ।' २००७ सालको क्रान्तिपछि प्रजातान्त्रिक आदर्शको प्रभावले गर्दा निजामती जागिरमा नयाँ दृष्टिकोणको उदय हुन लागेको थियो । छिटो-छिटो सरकारको गठन र विघटनले पनि प्रत्यक्ष वा अप्रत्यक्ष किसिमले यस प्रक्रियामा मद्दत पुऱ्याएको थियो । अप्रत्यक्ष कारण भने छिटो-छिटो गठन हुने र विघटन हुने सरकारहरूप्रति व्यक्तिगत बफादारी सम्भव हुँदैनथ्यो । यसले

जागिरेहरूमा सरकार र राज्य भन्ने तत्त्व भिन्न हुँदा रहेछन् भन्ने ज्ञान दिन थाल्यो । यसका अतिरिक्त निजामती जागिरेहरूमा आफ्नो जागिरसम्बन्धी आदर्श जति विकृत भए पनि राज्य र जनतालाई विकृत आदर्श भएको सेनाबाट जति खतरा हुन्छ, उति खतरा छैन । किनभने निजामती जागिरेको हातमा हतियार हुँदैन । आठ वर्षसम्म सैनिक किल्लाबन्दीभित्र थुनिएर रहँदा मैले जहिले पनि क्याम्प-कमान्डरको एउटै तर्क सुन्नुपर्थ्यो- 'उनीहरूले हामीलाई थुन्ने काम कर्तव्यपरायणताबाट गर्नुपरेको हो । तिनीहरू अप्ठेरो मानेर भन्थे- 'तपाईंहरूजस्ता व्यक्तिहरूविरूद्ध काम गर्नुपर्दा, तपाईंहरूलाई थुन्नुपर्दा हामीले बडो दुखद् काम गर्नुपरेको अनुभूति भएको छ । तर पल्टनमा हामीले सदैव कर्तव्यका प्रति बफादार हुनुपर्छ । र, हाम्रो कर्तव्य भनेको माथिबाट आएका आदेशलाई आँखा चिम्लेर पालन गर्नु हो ।'

हाम्रो क्याम्प जेलको कमान्डर त एउटा हुन्थ्यो, तर त्यसभन्दा तलका एउटा जनरल पनि थिए, जो बीच-बीचमा निरीक्षणका लागि क्याम्पमा आइपुग्थे । हाम्रा परिवारका सदस्यहरूले महिनामा एक चोटि जनरलकै समक्ष हामीसँग भेटघाट गर्थे । तिनीसँग सैनिक अनुशासन र कर्तव्यपरायणताका सम्बन्धमा कुराकानी पनि हुन्थ्यो । एक दिनको कुरा मलाई राम्ररी सम्झना छ । उनी बडो विश्वाससँग मलाई भनिरहेका थिए- 'सर ! हामी त हुकुमका बन्दी हौं । हामी हुकुमबाहेक अरू क्यै जान्दैनौं ।'

मैले सोधें- 'कसको हुकुम ?'

'माथिको ।'

'माथिको भनेको को ?'

'हाम्रा उच्चाधिकारीहरूको आदेश ।'

मैले सोधें- 'ऐनकानुनलाई मिचेर दिएको आदेश पनि ?'

'हजुर...... !, किनभने हामीहरू कानुन र हाम्रा उच्चाधिकारीहरूले दिएको आदेश आपसमा बाझ्छन् भन्ने कुरा बुझ्दैनौं । हाम्रा लागि उच्चाधिकारीहरूका आज्ञा, आदेश, हुकुम, अडर, जे भन्नोस्, सर्वोच्च हुन्छन् । हाम्रा लागि उनीहरूको आदेश अकाट्य छ ।'

ती जनरल बाठा कुरा गर्न सिपालु थिए । उनको छाती अनेक प्रकारका तक्मा, ब्याज र सुर्खीहरूले ढाकिएको हुन्थ्यो ।

मैले छक्क परेर सोधें- 'साँच्चै तपाईंले के यसो भन्न खोजेको हो- तपाईं माथिको अडर छ भन्दैमा कुनै अपराध (बलात्कारसम्म पनि) गर्न तयार हुनुहुन्छ ?'

तिनी आफ्नै सैनिक ओजमा तनक्क तन्किए, कर्तव्यको भावनाबाट उदय भएको गर्वले उनको छाती फुल्यो । छातीभरिका तक्माहरू एकै चोटि टलक्क टल्किए । उनले भने- 'हो हजुर !'

मैलाई आफ्नै कानले सुनेको कुरामा विश्वास भएन र सोधें- 'साँच्चै तपाईं बलात्कार पनि गर्न सक्नुहुन्छ ?' मैले पहाडका टाकुरोको एउटा सानो गाउँतिर औंल्याएर सोधें- 'आदेश भए त्यस गाउँका आइमाईहरूलाई बलात्कार पनि गर्न सक्नुहुन्छ ?'

'सक्छु, हजुर ।'

मैले फेरि सोधें- 'आदेश पाए, के तपाईं आफ्नी आमालाई बलात्कार गर्न सक्नुहुन्छ ?'

मैले पहिलोचोटि त्यस अफिसरको आश्वस्तता कमजोर भएको देखें, उसको नूर केही झरेको पाएँ ।

उनी सानो स्वरमा बुद्बुदाए- 'म तपाईंसँग बहस गर्न सक्दिनँ ।' र उनी फनक्क फर्किएर हिंडे ।

ती जनरलले आफ्नो कर्तव्य पालन गर्ने सुरमा, नुनको सोझो गर्ने सुरमा, हान्निएर हिंड्दा आफ्नी आमाको अगाडि आएर एक थलोमा रेखा ताने । उनले सोचे होलान्, नुनको सोझो गर्दाको रेखा यतिसम्म मात्र हो, त्यसभन्दा उता जागिर न सागिर, नुन न सुन । तर, गाउँलेहरूकी  आमाहरूको सामुन्ने पर्दा उनले त्यस्तो मर्यादाको रेखा तान्ने आवश्यकता देखेनन् । मलाई लाग्छ, त्यस दिनको मसँगको मुठभेड अत्यन्त तीतो भए पनि उनलाई सेनाको जागिर ऐनकानुनको मर्यादा राख्नलाई खाइन्छ भन्ने देखाउन सक्यो होला । उनमा अन्तरआत्मा छ भने उनले त्यस दिन बुझेहोलान्- कानुनको सोझो गर्दा वा हुकुम र आदेशको पालन गर्दा केही मूल मर्यादाको उल्लंघन गर्नुहुन्न । त्यस्ता मौलिक मर्यादाहरूमध्ये ऐनकानुनको रक्षा गर्ने मर्यादाहरू एउटा हो । लुटपाट, बलात्कार वा मानवताविरूद्धका अरू अपराधहरू फौजी जागिरको कर्तव्यभित्र पर्दैनन् । सेना ऐनकानुनको संरक्षक हो, त्यसको ध्वंसक होइन ।

न्युरेमबर्गको मुद्दामा स्थापना भएको निर्णय र सिद्धान्त न्यायको इतिहासमा बडो महत्त्वपूर्ण छ । त्यस मुद्दामा जब जर्मन सेनाका ठूला-ठूला अधिकारीमाथि

मानवताप्रति अत्याचार गरेको अपराधको सुनुवाइ भयो, ती सबै अपराधी अधिकारीहरूको एउटै भनाइ थियो । उनीहरू आफ्नो सफाइमा भन्थे- 'हामीले हुकुमको पालन गऱ्यौं । हामी हुकुमका बन्दी हौं । हामीले गरेको अत्याचार हामीले पाएको हुकुमको पालना गर्दा भएको हो । हुकुमको पालना गर्दा गरिएको अत्याचार अपराध हुँदैन इत्यादि ।' न्युरेमबर्ग अदालतले आफ्नो फैसलामा अभियुक्तहरूको कुरालाई स्वीकार नगर्नुबाटै यस फैसलाको ऐतिहासिक महत्त्व छ । अदालतले फैसला गऱ्यो- 'अपराध कुनै अवस्थामा पनि अपराध नै ठहरिन्छ र सैनिकले हुकुमको पालना गरेको भनेर अपराधको सफाइ दिन पाउँदैन ।' नेपाली पल्टनलाई न्युरेमबर्गको मुद्दामा स्थापित न्यायिक सिद्धान्त अवगत गराउनु पर्छ । ऐनकानुनको मर्यादाभन्दा बाहिर रहेर गरेको अपराध झन् ठूलो अपराध हो । त्यस्तो अपराध आततायीको अपराध हो, सेनाले ऐनकानुन थाहा छैन भन्न पाउँदैन । यस सन्दर्भमा अब प्रश्न उठ्छ- आफ्नो इतिहास, आफ्नो भर्तीको प्रणाली, संगठन, मनोविज्ञान र आफूमाथि रहेका दरबारको अंगरक्षक दलको खटन र शक्तिले गर्दा नेपाली सेनाले न्युरेमबर्गको सिद्धान्त सिक्न सक्ला ? नेपाली सेनाले जबसम्म आफ्नो सामन्ती ढाँचा र मनोविज्ञानलाई त्यागेर आधुनिक दृष्टिकोण अपनाउँदैन र उसमा एउटा व्यक्तिको होइन, राष्ट्रको सेना हो भन्ने भावना जाग्दैन, तबसम्म त्यस्तो सेनाले आफूलाई ऐनकानुनको मर्यादा राख्ने शक्ति सम्झदैन ।

निम्नलिखित बुँदाहरूले मैले यस लेखमा भन्न खोजेका कुरालाई स्पष्ट पार्छन् :

१. नेपाली पल्टनमा रहेका जवान र अफिसरहरू व्यक्तिगत रूपमा नेपाली जातिका राम्रा नमुना हुन् । यस्ता व्यक्तिहरूले राम्रो आदर्श, राम्रो भावना, राम्रो संगठन, राम्रो नेतृत्व पाएको खण्डमा राष्ट्रका लागि यिनीहरूद्वारा ठूलो कार्य हुन सक्छ ।
२. अहिले नेपाली सेना जुन किसिमको छ, त्यसमा रहेका व्यक्तिहरूलाई नराम्रो काम, नराम्रो आदर्शको पाठ सिकाइएको छ ।
३. नेपाली पल्टनमा देशभन्दा ठूला राजा, राष्ट्रभन्दा ठूलो शाह परिवार भन्ने भावना कुटीकुटी भरिदिइएको छ । त्यसो हुनाले यस सेनाले राष्ट्रको हित बुझ्न सकेको छैन ।

४. यो सेना राष्ट्रिय सेनाको सट्टा शाही सेना भएको छ । यसैअनुसार यसको नाउँबाट पनि राष्ट्रिय हटाएर शाही बनाइएको छ । यसको नाउँले नै आफ्नो काम र पेसाको विज्ञापन गर्छ, आफ्नो असली रूप छर्लंग पार्छ ।

५. नेपाली सेनालाई नियन्त्रण गर्ने अर्को सानो सेना छ । त्यो सेना हो दरबारको पल्टन । दरबारको पल्टनको शक्तिले नेपाली सेनालाई शाही सेनामा परिणत गर्न सजिलो परेको हो ।

६. नेपाली सेनाले जनताको दमन गरेको छ र यसले राजाको खटनमा जनताको दमन गर्नुपरेको हो । जनतालाई जेल-नेलद्वारा दमन गर्ने शृंखला यस प्रकार छ- अड्डा-अदालत, निजामती विभाग, जेल-नेलद्वारा पहिलो शृंखला बन्छ । यस श्रेणीभन्दा माथि पुलिसको दमनको अर्को शृंखला छ, पुलिसको शृंखलामाथि सेनाको दमनको शृंखला छ, सेनाको शृंखलामाथि दरबारको अंगरक्षक पल्टनको दमनको शृंखला छ र अन्तिम शृंखलामाथि शासकको सिंहासन स्थापित छ । राजा र प्रजामा मेल भएको वा राजा वैधानिक शासक मात्र रहेर बसेको अवस्थामा राजाले प्रजाको वास्तविक प्रतिनिधिहरूको सल्लाहअनुसार शासन गर्ने व्यवस्था जनताप्रति दमनकारी सिद्ध नहोला । तर, जहाँ राजाले प्रजाको हितलाई मारेर आफ्नो स्वेच्छाचारी शासन कायम गर्न खोज्छ, त्यस्तो अवस्थामा यस्तो व्यवस्था अत्यन्त उत्पीडनकारी, अत्याचारी र आततायी हुन्छ । नेपालमा त्यही भइरहेको छ ।

७. नेपाली सेनालाई जुन सामन्ती अन्धकारमा राखिएको छ, त्यसले गर्दा सेनाले नैतिक, मानवीय मूल्यको कुनै कदर गर्दैन । यसले ऐनकानुन र न्यायको पनि कदर गर्दैन । यसले हुकुम मान्ने स्वामीभक्तिको मात्र तालिम पाएको छ । त्यसो हुनाले यसबाट हुकुमको नाउँमा जुनसुकै कुकृत्य र अमर्यादाको काम गराउन सकिन्छ ।

८. यस्तो हुँदाहुँदै पनि शासकले सेनामाथि विश्वास गर्दैन, त्यसो हुनाले सेनामा एउटाको अर्कोमाथि चियो गर्ने व्यवस्था बसालिएको छ । तसर्थ, मेरो भनाइको निष्कर्ष देहायअनुसार छः

क. नेपाली सेना शाही सेना होइन, राष्ट्रिय सेना बन्नुपर्छ । त्यसो हुनाले यसको नाउँ 'शाही सेना' को सट्टा 'राष्ट्रिय सेना' हुनुपर्छ ।

ख. दरबारको पल्टन खारेज हुनुपर्छ । त्यो पल्टन राष्ट्रिय सेनासँग मिसिन आउनुपर्छ । राजालाई वेलाबखतमा चाहिने गारद सैनिक मुख्यालयबाट खटिनुपर्छ ।

ग. राष्ट्रिय सेनाको बफादारी एउटा व्यक्तिप्रति नभएर राष्ट्रप्रति र राष्ट्रको संविधानप्रति हुनुपर्छ ।

घ. सेना जनताको प्रतिनिधिसभाको नियन्त्रणमा रहनुपर्छ । सेनामा जनताको सेवक मान्ने भावना जागृत हुनुपर्छ ।

ङ. सेना जनताको रक्षक हो, त्यसको भक्षक होइन भन्ने कुरा सेनाले बुझ्नुपर्छ ।

च. सेनाले जनताको नुन खाएको हो, राजाको होइन । राजाले स्वयं पनि जनताको नुन खाएको छ ।

छ. सेना ऐनकानुन र मानवीय मर्यादामा रहनुपर्छ । उसले हुकुम पनि कानुनी हुनुपर्छ भन्ने कुरा बुझ्नुपर्छ । उसले ऐनकानुन र न्यायभन्दा बाहिरको हुकुमलाई पालना गर्नु हुँदैन ।